## मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्या : १** **असार ३०, २०७७**


## भाग-१

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## सूचना

# विनियोजन ऐन, २०७७

**सम्वत २०७७ सालको ऐन नं. १**

**प्रस्तावना :**मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मुसिकोट नगरपालिकाको नगर सभाबाट यो ऐन बनाएइको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम “मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन २०७७ श्रावण १ गतेदेखि लागु हुनेछ ।

२.आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७७/०७८को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७१,७९,६८,२६०। (अक्षेरुपी एकहत्तर करोड उनासीलाख अठसट्ठी हजार दुई सय साठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र

कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरकार्यपालिकाबाट निर्णय गराई नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

# अनुसूचि-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ९३,३५०,००० | २,६००,००० | ( | ९५,९५०,००० |
| २ | | बिषयगत समितिहरु तर्फ | | | | ० |
| २.१ | | आर्थिक विकास समिति | ३६,३७३,०५० | १,८००,००० | ( | ३८,१७३,०५० |
| २.२ | | पूर्वाधार विकास समिति | ७००,००० | २६२,७६५,२१० | | २६३,४६५,२१० |
| २.३ | | सामाजिकविकास समिति | २६९,६१४,००० | १०,४०७,००० | | २८०,०२१,००० |
| २.४ | | वातावरण तथाविपदव्यवस्थापन समिति | ४,५००,००० | २५,५००,००० | | ३०,०००,००० |
| २.५ | | सार्बजनिक सेवाप्रबाह, सुशासन र क्षमताबिकास | १०,०५९,००० | ३००,००० | | १०,३५९,००० |
| ३ | | ऋणको सावाव्याजभुक्तानी | ( | ( | ( | ० |
| ४ | | लगानी (शेयर/ऋण) | ( | ( | ( | ० |
| **जम्मा** | | | ४१४,५९६,०५० | ३०३,३७२,२१० | | ७१७,९६८,२६० |

आज्ञाले,

नरवीर खड्का

निमित्त प्रमुख प्रशासकीय अधिकृत